ༀ། །སོལ་དུད་ཀོ་ཤི་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# सोलुदुधकुण्ड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प.सं. २०८१/०८२
च.नं.

कोशी प्रदेश, नेपाल

### कवाडीजन्य वस्तु र कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी सम्बन्धी वढावढको सूचना।

**(दोस्रो पटक प्रकाशित मिति :- २०८१/०४/०८)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा व्यवस्था भए अनुसार यस सोलुदुधकुण्ड नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनबाट स्वीकृत भएको आर्थिक ऐन बमोजिम सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र आ.व. २०८१/०८२ को लागि कवाडीजन्य वस्तु संकलन र कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी कर संकलन गर्न तपसिल वमोजिमको न्यूनतम बोलपत्र अंकलाई आधार मानी बढाबढद्वारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले कवाडीजन्य वस्तु र कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी गर्ने गरि ईजाजत प्राप्त फर्म/ कम्पनी/ संस्थाले तपसिलको शर्तहरूको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समयभित्र वढावढको बोलपत्र पेश गर्न मिति २०८१/०३/२३ गते प्रथम पटक १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र कुनै पनि बोलपत्रदाता फर्म, कम्पनी वा संस्थाले बोलपत्र पेश नगरेकाले पुनः बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै बोलपत्र खरीद गर्दा सोलुदुधकुण्ड नगरपालिकाको रा.वा. वैंक, सल्लेरी शाखामा रहेको राजश्व खाता नं. २०२०१००३०१०१०००५ बोलपत्र फाराम दस्तुर र धरौटी खाता नं. २०२०१००३०३००००५ मा धरौटी वापतको देहाय वमोजिमको रकम जम्मा गर्न सकिनेछ। यस सम्वन्धमा विस्तृत जानकारीको लागि नगरपालिकाको वेभसाइट www.solududhkundamun.gov.np हेर्न हुन अनुरोध गरिन्छ।

**तपसिल :**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अंक रु. | धरौटी रकम रू. | बोलपत्र फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १. | ०९/२०८०/०८१ | कवाडीजन्य वस्तु संकलन, कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी कर | मिति २०८१ साउन देखि २०८२ असार मसान्त सम्म | १८,००,०००। – (भ्याट वाहेक अठार लाख रुपैया मात्र) | ९०,०००.०० | ३,०००.०० |

२०८१/०४/०८

**रामकुमार खड्का**
नि. प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरू

१. बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाता फर्म, कम्पनी वा संस्थाले मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ सम्मको फर्म नविकरण, आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र सहित सूचना प्रकाशन भएको मितिले १५ औँ दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरि १६औं दिनको १२.०० वजे सम्ममा बोलपत्र दर्ता गरि सक्नु पर्नेछ। तोकिएको समयभित्र दर्ता भएका बोलपत्रहरू सोहि दिनको २.०० वजे बोलपत्रदाता वा निजका प्रतिनिधी र नगरपालिकाको प्रतिनिधीको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेका दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

२. बोलपत्रदाताले बढाबढमा कवोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक लिमिटेड, सोलुखुम्बु शाखामा रहेको धरौटी खाता च.हि.न. २०२०१००३०३०००००५ मा जम्मा वा कार्यालयमा नगदै जम्मा वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकले जारी गरेको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ।

३. प्रचलित कानून वमोजिम तिर्नु पर्ने कर तथा शुल्कहरू बोलपत्रदाता, फर्म, कम्पनी वा संस्था स्वयंले तिर्नु पर्नेछ।

४. करको दररेट बोलपत्र फाराममा संलग्न गरिए वमोजिम हुनेछ ।

५. आ.व. २०८१/०८२ को लागि कवाडी संकलन, कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा कर संकलन तथा निकासी करको समयावधि बोलपत्रदाता फर्म, कम्पनी वा संस्था छनौट भइ सम्झौता भएको मिति देखि २०८२ असार मसान्तसम्म हुनेछ ।

६. बोलपत्र स्वीकृत भइ सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा र माफी दिइने छैन ।

७. छनौट भएको बोलपत्रदाता फर्म, कम्पनी वा संस्थाले कवोल गरेको रकम को २५ प्रतिशतले हुन आउने रकम सम्झौता पश्चात र वाकी रकमको हकमा ३ महिना भुक्तान भएको भोलिपल्ट र सो दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन २५ प्रतिशतले हुन आउने रकम वुझाउनु पर्नेछ ।

८. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा अंक र अक्षरमा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ ।

९. सिलबन्दी बोलपत्र खामको बाहिर ठेक्काको विषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्नेछ ।

१०. रितपूर्वक दाखिला भएको बोलपत्रहरु मध्ये घटी वा वढी कवोल बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संशोधन आदि लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।

११. स्वीकृत बोलपत्रदाताले यस नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ। कार्यालय र स्वीकृत बोलपत्रदातालेवीच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकाको कार्यालयलाई वुझाउनु पर्ने वाँकी वक्यौता भएका फर्म, कम्पनी तथा संस्थाको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन । सम्झौता भएको मिति देखि

२०८१/०४/०८

रामकुमार खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

१४. यस सूचनामा उल्लेख भएका विषय यसै सूचना वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम वमोजिम हुनेछ ।

१५. यस कार्यालयले निर्धारण गरेको दररेटमा मात्र कर संकलन गर्नु पर्नेछ। तोकिएको भन्दा बढी दरमा कर असूल गरेमा कारवाहि गरि ठेक्का समेत रद्ध गर्न सकिनेछ।

१६. नगरपालिकाले तोकेको कर संकलन गर्ने रसीदहरु स्वीकृत बोलपत्रदाताले आफ्नो तर्फवाट छपाई गरी सो रसीदहरु यस कार्यालयमा कार्यालय प्रमुखवाट प्रमाणित गरी प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरी प्रयोग गरिएका रसीदहरुवाट कुनै समस्या आइपरेमा नगरपालिकाको कार्यालय जवाफदेही हुने छैन।

२०७९।०७।०८

रामकुमार खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत